का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९५
❒ १२ जेठ २०७७, सोमबार
❒ 25 May 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: आइतबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ६०३ जना | ८७ जना | ४८८१५ | ५१३ | ३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५४ लाख ४० हजार | २२ लाख ७४ हजार | ३ लाख ४५ हजार | २८ लाख २० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम



**घरमै रमजान**: इस्लाम धर्मावलम्बीको एक महिना लामो रमजान पर्वको अन्तिम दिन आइतबार पोखरा महागरपलिका ४ कोइरालामार्गस्थित घरमै बसेर प्रार्थना गर्दै इस्लाम धर्मावलम्बी । उनीहरू सोमबार इद उल फित्र मनाउँदै छन् ।
*– तस्वीर: राधिका कँडेल*

# युवा धेरै संक्रमित

गएको माघ ९ गते देखि नेपालमा देखिन थालेको कोभिड महामारीको संक्रमणबाट सवैभन्दा बढी युवा उमेर समूह प्रभावित देखिएको छ । २१ देखि ३० वर्ष उमेर समूहका मात्रै २२१ जना संक्रमित छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

कोभिड महामारीबाट देशभर संक्रमित संख्या ६०३ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, आइतबार साँझसम्म ४८ हजार ८१५ जनामा गरिएको पीसीआर परीक्षणमा ६०३ जनामा संक्रमण देखिएको छ । यसमध्ये तीन जनाको मृत्यु नै भएको छ भने ८७ जना निको भएर घर फर्किएका छन् ।

मन्त्रालयका अनुसार, आइतबारसम्म सातै प्रदेशका ४२ जिल्लामा संक्रमण देखिएको छ । सवैभन्दा बढी प्रदेश नम्बर पाँचमा सवैभन्दा बढी संक्रमित देखिएका छन् । त्यहाँ, २४७ जना संक्रमित पुष्टि भएको छ । दोस्रोमा प्रदेश-२ छ । प्रदेश-२ मा १६६, प्रदेश एकमा ६०, बागमतीमा २४, गण्डकीमा तीन, कर्णालीमा चार र सुदूरपश्चिम प्रदेशमा ९ जनमा संक्रमण देखिएको छ ।

उमेर अनुसार भने युवाहरुमा धेरै संक्रमण देखिएको छ। २१ देखि ३० वर्षसम्म २२१, ११ देखि २० वर्षसम्म ११६ र १० वर्ष भन्दा मुनिका १७ जना छन् ।


७० भन्दा माथिका एक, ६१ देखि ७० वर्षसम्म १४, ५१ देखि ६० वर्षसम्म २४, ४१ देखि ५० वर्षसम्म ५७ र ३१ देखि ४० वर्षसम्म १४९ जना संक्रमित भएका छन् । मृत्यु हुने तीनै जना ४० वर्ष मुनिका छन् ।

थपिएको थपियै


कोभिड-१९ को सङ्क्रमण आइतबार १९ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयले मोरङ, पर्सा, रौतहट, काठमाडौं, नुवाकोट, रुपन्देही, कपिलवस्तु र गुल्मीमा संक्रमण देखिएको जनाएको छ ।

नयाँ सङ्क्रमितमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा गरिएको परीक्षणमा मोरङ बाह्रदशी-३ का ४५ वर्षीय पुरुष रहेका छन् । यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा बारा कलैयाका ३२ वर्षीय पुरुष, वीरगञ्ज २५ वर्षीय पुरुष, पर्सा घर ठेगाना भएका बारामा कार्यरत ३४ वर्षीय पुरुष, पर्साका नागवाका ६० वर्षीय पुरुष, रौतहट स्थायी ठेगाना कलैयामा कार्यरत ३२ वर्षीय पुरुष, सर्लाही हरिपुर-६ का ४८ वर्षीय पुरुष, रुपन्देही सम्मारिमाईका दुईजना पुरुष क्रमशः ४० र ५० वर्षीय पुरुष, रुपन्देही-१ का ३२ वर्षीय पुरुष, काठमाडौं सोह्रखुट्टेका ६९ वर्षीय बाँकी पृष्ठ २ मा

**प्रदेशस्तरमा संक्रमण**




**उमेर समूहका आधारमा संक्रमण**




# एमसीसी फेरि किचलो !

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा फेरि अमेरिकन मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को किचलो देखिएको छ । एमसीसीबारे शनिबार बोलाइएको सचिवालयमा प्रधानमन्त्री केपी शर्मा ओली नै अनुपस्थित रहेपछि नेकपा कुनै निष्कर्षमा पुग्ने सकेको छैन ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ ।

अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा फेरि किचलो देखिएको छ। एमसीसी पारित गराउनुपर्ने पक्षमा प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली उभिएका छन् भने उनी इतरका नेताहरु संशोधन नगरी पारित गर्न नहुने पक्षमा छन् ।

यसबारे छलफल गर्ने नेकपाको सचिवालय सदस्यहरु शनिबार बालुवाटार पुगेका थिए । छलफलमा गएको पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकले एमसीसीबारे अध्ययन गर्न बनाएको कार्यदलले तयार पारेको प्रतिवेदनबारे छलफल भयो ।

छलफल गर्न कार्यदल सदस्यहरु भीम रावल र प्रदीपकुमार ज्ञवाली, स्थायी कमिटी सदस्यहरु देव गुरुङ र लिलामणि पोखरेललाई पनि सहभागी थिए । तर, प्रधानमन्त्री ओली नै अनुपस्थित रहे । सरकारको नीति तथा कार्यक्रमबारे उठेको प्रश्नमा संघीय संसदमा जवाफ दिदैं प्रधानमन्त्री ओलीले एमसीसी पारित गराउनुपर्ने संकेत दिएका छन् । तर, पार्टीले बोलाएको छलफलमा भने उनी सहभागी भएनन् । प्रधानमन्त्री ओली एमसीसीको सम्झौता संशोधन नगर्ने अडानमा यसअगाडि बाटै अडिग छन् ।

कार्य दलका संयोजक एवम् सचिवालय सदस्य झलनाथ खनाल र कार्यदल सदस्य भीम रावलले संसदमा पुगेको एमसीसी संशोधन सहित पारित गर्नुपर्ने प्रतिवेदन पेश गरेका छन् भने कार्य दल सदस्य प्रदीप ज्ञवालीले छुट्टै प्रस्ताव पेश गरेका छन् । प्रधानमन्त्री निकट नेता ज्ञवालीले यस्तो छुट्टै प्रतिवेदन पेश गरेरै बाँकी पृष्ठ २ मा


**मध्यान्ह भिडियो कन्फरेन्स**

# ‘राज्यले नभूलोस् वैदेशिक रोजगारको खाँचो’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्षसहित वैदेशिक रोजगार व्यवसायमा क्रियाशिल प्रमुख राजनीतिक दल निकट संस्थाका अध्यक्षहरुले नेपालमा उपलब्ध हुने आन्तरिक रोजगारीले मात्र श्रम बजारमा आउने ठूलो संख्याका युवायुवतीहरुलाई रोजगारी प्रदान गर्न नसकिने भन्दै सरकारले वैदेशिक रोजगार क्षेत्रको महत्व भुल्न नहुने सुझाव दिएका छन् ।

नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम पारित भएको र त्यसमा आधारित भई आगामी आर्थिक वर्षका लागि बजेट तर्जुमा भइरहेको सन्दर्भमा आइतबार मध्यान्ह दैनिकले आयोजना गरेको भिडियो कन्फरेन्समा वैदेशिक रोजगार व्यवसायीहरुले कोरोना भाइरसको विश्वव्यापी महामारीका कारण खाडी मुलुकहरुमा आउने आर्थिक



शिथिलताले तत्काल त्यहाँको रोजगारी प्रभावित हुने भएपनि दीर्घकालका लागि भने वैदेशिक रोजगार नेपालले प्राप्त गर्ने रेमिट्यान्सको प्रमुख श्रोतका रुपमा यथावत रहने भएकाले सरकारले वैदेशिक रोजगार क्षेत्रलाई भुल्न नहुने बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले कोरोना भाइरसका कारण विदेशमा रोजगारी गुमाई बेरोजगार हुने युवायुवतीहरुका लागि स्वदेशमा रोजगारको प्रवन्ध गर्ने सरकारको कदममा व्यवसायीहरुको पनि पूर्णसाथ रहने भन्दै वार्षिक करिब ९ खर्ब रेमिट्यान्स आर्जन गर्ने वैदेशिक रोजगार व्यवसायलाई रोजगारी गुमेको क्षेत्र भनेर सरकारले भुल्न नहुने बताए ।

संसदबाट पारित भएको नीति तथा कार्यक्रमले नेपालको अर्थतन्त्रको महत्वपूर्ण पाटोको रुपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई कुनै सम्वोधन नगर्नु गम्भीर चिन्ताको विषय भएको बताउँदै अध्यक्ष गैरेले आगामी बजेटमा यस क्षेत्रलाई समेट्नु पर्ने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## श्रम सचिव केसीको अवकाश



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव विनोद केसीले सेवाबाट अवकास लिएका छन् । सोमबारबाट अनिवार्य अवकासमा गएका सचिव केसीलाई आइतबार मन्त्रालयमा आयोजित संक्षिप्त कार्यक्रममा मन्त्रालयका कर्मचारीहरुले उनले राष्ट्र सेवामा पुऱ्याएको योगदानको कदर स्वरुप दोसल्ला ओढाई मायाको चीनो उपहार दिई विदाई गरे ।

श्रम मन्त्रालयका तत्कालनि सचिव महेश दहाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सरुवा भई गएपछि सचिव केसीले बाँकी पृष्ठ २ मा

## तयारी भएको भन्दै उम्कँदै !

**काठमाडौं/मस–** सरकारले कोरोना भाइरस (कोभिड-१९)का कारण विदेशमा अलपत्र नेपालीलाई स्वदेश फर्काउने विषयमा ठोस् कार्य योजना बनाउन सकेको छैन । राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा परराष्ट्र मन्त्री प्रदीप कुमार ज्ञवालीले विदेशमा समस्यामा परेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वदेश ल्याउने योजना अनुसार तयारी भइरहेको पूर्ववत भनाइ दोहराएपनि उनीहरुलाई नेपाल फर्काउनेबारेमा स्पष्ट खाका बताउन सकेनन् ।

समितिले भने विदेशमा अलपत्र परेका नेपालीहरुलाई स्वदेश फर्काउने बारेमा गृहकार्य गर्न मन्त्रालयलाई बाँकी पृष्ठ २ मा

ईद मुबारक

इस्लाम धर्मावलम्बीहरुको महान चाड ईद उल फित्रको अवसरमा देश विदेशमा रहनु हुने सम्पूर्ण देशबासी मुस्लिम, गैरमुस्लिम साथीभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, प्रगति तथा उन्नति र विश्व शान्ति, भ्रातृत्व विकासको कामना गर्दै ईदको मुबारक तथा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

बिष्णु प्रसाद गैरे
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

# नरैनापुरमा सेना परिचालन गरिने

**मध्यान्ह संवाददाता**
बाँके, ११ जेठ




कोरोना अति प्रभावित बाँकेको नरैनापुरमा नेपाली सेना परिचालन गरिने भएको छ । बाँके जिल्ला सुरक्षा समितिको आइतबारको बैठकले सेना परिचालन गर्ने निर्णय गरेको हो । नरैनापुर गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहका अनुसार अब नरैनापुरा नेपाली सेनाले कोरोना संक्रमण नियन्त्रणका लागि काम गर्नेछ ।

सेनाले नरैनापुरका क्वारेन्टाइन, सिल गरिएको क्षेत्रलाई अनुगमन, लकडाउन प्रभावित बनाउन, शान्ति सुरक्षा र स्वास्थ्यकर्मीलाई सहज बनाउन सेनाले भूमिका खेल्ने जनाइएको छ । पछिल्लो समय कोरोना संक्रमितलाई आइसोलेसनमा लैजानेक्रममा अवरोध हुने र भगाउने कार्य हुन थालेपछि सेना परिचालन गर्ने निर्णय बैठकले गरेको हो ।

बैठकले नरैनापुरमा विशेषज्ञ चिकित्सक सहित थप स्वास्थ्यकर्मी परिचालन गर्ने निर्णय पनि गरेको छ । कोरोना संक्रमण फैलिन नदिन अर्को सूचना जारी नभएसम्मका लागि निषेधित क्षेत्र कायम नै राखिएको छ । यसअघि गाउँपालिकाले कोरोना संक्रमणको स्थिति नियन्त्रणभन्दा बाहिर जाने अवस्था देखिएको भन्दै चिकित्सक टोलीसहित सुरक्षाकर्मीको संख्या बढाउन माग गरेको थियो ।

संक्रमित र निजका परिवारलाई केही व्यक्तिहरूले उक्साउने र कोरोना भाइरसबारे भ्रम सिर्जना गरी सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र कर्मचारीलाई असहयोग गर्ने, मनोबल कमजोर पार्ने र संक्रमित भगाउने काम भइरहेको भन्दै गाउँपालिकाले प्रशासन गुहारेको थियो ।

बाँकेको नरैनापुर गाउँपालिकामा मात्रै हालसम्म १ सय १४ जनामा संक्रमण पुष्टि भइसकेको छ । एक जना युवकको संक्रमणकै कारण मृत्यु भएको छ । बाँकेमा मात्रै संक्रमितको संख्या १ सय ४२ रहेको छ ।

नरैनापुरमा कोरोना संक्रमितलाई भगाउनेहरु सक्रिय रहेकाले सुरक्षाको माग गर्नुपरेको गाउँपालिकाका सूचना अधिकारी लक्ष्मीकान्त मिश्राले जानकारी दिए । नरैनापुर नेपालमा कोरोना संक्रमित सबैभन्दा बढी हुने स्थानीय तह बनेको छ । यहाँका क्वारेन्टाइनमा भारतबाट नेपाल भित्रिने क्रम जारी छ ।

शिक्षा र चेतनाको कमीका कारण नरैनापुरमा कोभिड-१९ प्रतिको धारणा र अन्धविश्वासले पनि समस्या निम्त्याएको प्रमुख प्रशासकीय अधिकृत खराल बताउँछन् । भारतका कोरोना अतिप्रभावित क्षेत्रबाट अझै हजारौँ मानिस आउन सक्ने भएकाले जोखिम झन् बढ्न सक्ने गाउँपालिकाको ठहर छ ।

नरैनापुरको छोटी नाकाबाट भित्रिन सहज छ । बाँके प्रहरीले राति गस्तीसमेत बढाएर भारतबाट आउनेलाई चोरी नाकाबाट आउन नदिने रणनीति बनाएको छ । 'आँगन' नै दशगजा रहेको यो पालिकाको धेरै गाउँबाट मानिस प्रवेश गरिरहेका छन् । गाउँपालिकाले लुकिछिपी गाउँमा कोही नबसून्, सबै क्वारेन्टाइनमा बसून् भन्ने नीति लिएर भारतबाट आएकालाई भ्याएसम्म क्वारेन्टाइनमा राखिएको प्रमुख प्रशासकीय अधिकृत खरालले बताए । भारतका महाराष्ट्र र दिल्लीबाट यहाँ मानिस ओइरिरहेका छन् । यस गाउँपालिकामा मात्रै हालसम्म ८०० जना क्वारेन्टाइनमा छन् ।

# सांसदको प्रतीकचिह्न परिमार्जन गरिने

**काठमाडौं/मस–** प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समिति बैठकले संघीय संसदको लोगो र सांसदहरुले प्रयोग गर्दै आएको लोगोलाई परिवर्तन गर्ने निर्णय गरेको छ । आइतबार सिंहदरबारमा बसेको बैठकले संसदको रोष्ट्रममा राखिएको लोगो र सांसदहरुले लगाउँदै आएको लोगो परिमार्जन गर्ने निर्णय कार्यान्वयनका लागि तत्काल प्रक्रिया अघि बढाउन संघीय संसद सचिवालयलाई निर्देशन पनि दिएको छ ।

बैठकमा संविधान संशोधनका लागि सबै राजनीतिक दलहरु एकजुट भएर अगाडी बढ्ने विषयमा पनि छलफल भएको छ । संसद सचिवालयका प्रवक्ता डा. रोजनाथ पाण्डेले राष्ट्रिय सहमतिका विषयमा सल्लाह गरेर अगाडी बढ्ने र कोरोना नियन्त्रणमा भएका कमजोरी सच्याएर प्रभावकारी ढंगले अगाडी बढ्ने विषयमा सभामुख मार्फत सरकारलाई सुझाव दिने विषयमा छलफल भएको बताए । बैठकले नेपालको नयाँ नक्सा समेत समेटेर संसदको लोगो जारी गर्न सभामुखलाई सिफारिस गरिएको उनले बताए । बैठकले बजेट विनियोजनपछि जेठ २६ गतेसम्मको संसदको कार्यक्रम पनि तय गरेको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रमुख सचेतक बालकृष्ण खाँडले बजेटमाथिको छलफल र संसदको अन्य कार्यक्रमलाई छोटो बनाउने विषयमा छलफल भएको बताए । सुरक्षित र प्रकृयागत रुपमा संसदका कार्यक्रम सञ्चालन गरी अगाडी बढ्दै संविधान संशोधनका लागि सबै दलहरुसँग छलफल गरी सहमतिका लागि सरकारले पहल गर्न आग्रह गर्ने विषयमा पनि छलफल भएको बताए ।

सरकारले नेपालको नयाँ नक्सा जारी गरेपछि निशान छापमा रहेको नक्सा परिवर्तन गर्न संविधान संशोधनको प्रस्ताव पेश गरेको छ । नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर सरकारले नयाँ नक्सा जारी गरिसकेको छ । यसअघि राष्ट्रियसभा कार्यव्यवस्था परामर्श समिति बैठकले पनि लोगो परिवर्तनको निर्णय गरेको थियो ।

### युवा....

पुरुष, नुवाकोट ककनीका ३९ वर्षीय पुरुषमा सङ्क्रमण देखिएको छ । नुवाकोटमा पहिलापटक सङ्क्रमण देखिएको हो ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला भैरहवामा गरिएको परीक्षणमा रुपन्देही गैडहवा गाउँपालिका २३, ३० र ४० वर्षीय पुरुष, कपिलवस्तु खैरापुरका-३ का ३५, ३७ र ५२ वर्षीय पुरुष रहेका छन् । गुल्मी मदाने गाउँपालिका ३१ वर्षीय पुरुष गरी कूल १९ जना सङ्क्रमण देखिएको छ । नयाँ सङ्क्रमितको कन्ट्याक्ट ट्रेसिङको काम इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशााखाले गरिरहेको छ ।

नारायणी अस्पताल उपचार रहेका सात र बुटवल धागो कारखानामा रहेका १० गरी आजै मात्र १७ जना डिस्चार्ज भएका हुन् । नारायणीमा डिस्चार्ज भएका बारा, पर्सा र रौतहटका २४ देखि ५१ वर्षीय पुरुष रहेका छन् । प्रदेश नं १ मा २६, प्रदेश नं २ मा १३, वाग्मती प्रदेशमा नौ, गण्डकी प्रदेशमा दुई, प्रदेश नं ५ मा ३२ र सुदूरपश्चिम प्रदेशमा पाँचजना डिस्चार्ज भएका छन् । शुक्रबार एकै दिन नेपालगञ्जमा २१ जना डिस्चार्च भएका थिए । अहिलेसम्म पिसिआरबाट ४८ हजार ८१५ र आरडिटीबाट ९० हजार २६ जनाको परीक्षण गरिएको जनाइएको छ ।

### एमसीसी ...

नेकपामा एमसीसीबारे सहज निर्णय नहुने संकेत मिलिसकेको छ ।

अध्यक्ष एवम् प्रधानमन्त्री शनिबारको छलफलमा अनुपस्थित नहुनुलाई पनि त्यही रुपमा हेरिएको छ । सचिवालयका सदस्यहरु बीच अनौपचारिक छलफल मात्रै भएकाले प्रधानमन्त्री ओली सहभागी नभएको बताइएको छ । नेकपामा एमसीसी पारित गर्नेबारे मत विभाजित छ ।

### 'राज्यले ...

अर्थ मन्त्रालयको ध्यानाकर्षणले वैदेशिक रोजगार व्यवसायीहरुका माग कुनै न कुनै रुपमा सम्वोधन हुनेमा आशावादी रहेका बताए ।

वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएमा ईजाजतपत्र नवीरकण नहुने वैदेशिक रोजगार ऐन तथा नियमावलीको प्रावधान खारेज गर्ने विषय र व्यवसायीहरुले ईजाजतपत्रका लागि रोखको धरौटीबाट संकटमा रहेका व्यवसायीहरको कार्यालय सञ्चालन र बजार पवर्द्धन गर्न ५० लाख रुपैयाँ एक वर्षका लागि फिर्ता गर्ने विषयमा व्यवसायीहरुको माग सम्वोधन हुनै पर्ने अध्यक्ष गैरेले बताए ।

लकडाउनको सन्दर्भ र त्यस पछिको अवस्थामा वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित गर्न आफु संघका पूर्व अध्यक्ष, सल्लाहकार, राजननीतिक दल निकट तथा अन्य जातीय भेगीय संघसंस्था तथा अग्रज व्यवसायीहरुको सुझाव अनुसार अघि बढ्न तयार रहेको भन्दै अध्यक्ष गैरेले वैदेशिक रोजगार क्षेत्रको सुरक्षाका लागि संघलाई रचनात्मक सुझाव दिएर व्यवसायीहरुले सहयोग गर्नुपर्ने बताए ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संयोजक राम प्रसाद भान्तनाले मञ्चले कोरोना संकटको समाधानका लागि श्रम मन्त्रालयलाई छुट्टै सुझाव दिएको भएपनि व्यवसायीहरु संघमार्फत नै अघि बढ्नुपर्ने भएकाले संघको नेतृत्वले सबै पक्षका सुझाव लिएर परिणाम आउने गरी क्रियाशिल हुनुपर्ने सुझाव दिए । संयोजक भान्तनाले कोरोना संकटका बेला विभिन्न सामाजिक संघसंस्थाहरुले राहतका विभिन्न कार्यक्रम सञ्चालन गरेर सामाजिक काममा योगदान गरिरहेका भएपनि संघले लकडाउनको समय दुई महिना बढी भइसक्दा पनि राहतका कुनै कार्यक्रम ल्याउन नसकेको भन्दै संघ नेतृत्व र कार्यसमितिको आलोचना गरे ।

सरकारले अगाडि बढाएका नीति तथा कार्यक्रम र उद्देश्यलाई सहयोग पुऱ्याउन संघ प्रतिवद्ध भएर आउनुपर्ने भन्दै संयोजक भान्तनाले वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा नपठाएमा ईजाजतपत्र नवीकरण नहुने प्रावधान रद्ध हुने चरणमा रहेको जानकारी आफु समक्ष रहेको भन्दै त्यस विषयलाई लिएर व्यवसायीहरु चिन्तित हुनु आवश्यक नरहेको बताए ।

वैदेशिक रोजगारीबाट फर्किएका कामदाहरको राहत, उद्धार र व्यवस्थापनदेखि आगामी दिनमा नेपालमै उनीहरुलाई रोजगारी उपलब्ध गराउने विषयमा पनि वैदेशिक रोजगार व्यवसायीहरुले भूमिका खेल्नुपर्ने भन्दै संयोजक भान्तनाले व्यवसायीहरुले आफुलाई वैदेशिक रोजगारीमा पठाएका कामदारहरुको राहत तथा उद्धारमा मात्र सिमित गर्न नहुने बताए । उनले भने, 'व्यवसायी साथीहरुको दायित्व फर्केर आउने कामदारहरुको भविश्यप्रति पनि रहेको छ ।'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालले वैदेशिक रोजगार व्यवसाय मात्र नभई यस व्यवसायसँग जोडिएका मेडिकल, ओरियन्टेन, होटल लगायतका क्षेत्रहरु कोरोना भाइरसका कारण आर्थिक रुपमा तहशनहसको अवस्थामा पुगेको भन्दै आगामी बजेटमा सरकारले यी सबै पक्षलाई सम्वोधन गर्नुपर्ने माग गरे ।

एसोसिएसनले यस विषयमा पटक पटक श्रम मन्त्रालयको ध्यानाकर्षण गराएको भन्दै अध्यक्ष ढकालले व्यवसायीहरुको छाता संस्थाको क्रियाशिलताका आधारमा व्यवसायीहरुको समस्या समाधान हुने भएकाले संघको नेतृत्व थप क्रियाशिल हुनुपर्ने एसोसिएसनको धारणा रहेको बताए । उनले भने, 'संघको नेतृत्व क्रियाशिल नभएसम्म व्यवसायीले चाहेको उपलब्धि हासिल गर्न सकिँदैन, उपलब्धि प्राप्त गर्न संघलाई के के सहयोग चाहिएको भन्नुपऱ्यो, हामी सोही अनुसार सहयोग गर्न तयार रहेका छौं ।'

एसोसिएसनका अध्यक्ष ढकालले श्रम मन्त्रालयमा प्रशासनिक परिवर्तन भएको सन्दर्भ रहेकोले अहिलेको अवस्थामा संघको नेतृत्वले तत्काल व्यवसायीहरुमा माग सुष्पष्ट रुपमा राख्न समेत संघको नेतृत्वसँग आग्रह गरे ।

कार्यक्रममा मध्यान्ह दैनिकका सम्पादक मदन कुमार श्रेष्ठले कोरोना भाइसर संक्रमणका कारण हाल वैदेशिक रोजगार क्षेत्र ईतिहासमै नराम्रोसँग प्रभावित भएको भएपनि नेपालमा वैदेशिक रोजगार क्षेत्रको भविश्य नसकिएको बताए । व्यवसायीहरु उच्च मनोबलका साथ सम्भावनाहरु खोजी गर्न लाग्नुपर्ने सुझाव दिँदै सम्पादक श्रेष्ठले व्यवसायीहरुले संघको नेतृत्वलाई समस्या समाधानका लागि रचनात्मक सुझाव दिनुपर्ने र संघको नेतृत्वले पनि व्यवसायीबाट आएका सुझावहरुलाई विना पूर्वाग्रह ग्रहण गरेर सबै पक्षलाई परिचालन गर्न सक्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा तिनै जना व्यवसायीहरुले वैदेशिक रोजगारीमा पठाएका नेपाली कामदारहरु कोरोना भाइरसका कारण उत्पन्न स्वास्थ्य समस्यामा रहेको भएपनि आइतबारसम्म अन्य गम्भीर समस्यामा परेको जनाकारी नआएको बताए । कार्यक्रम सञ्चालन मध्यान्ह दैनिकका रेशम राज पौडेलले गरेका थिए ।

### श्रम ...

२०७६ भदौ ९ गते श्रम सचिवको कार्यभार सम्हालेका थिए । त्यतिबेला मलेसियाको रोजगारी बन्द रहेको थियो । तत्कालनि सचिव दाहालले नेपालको वैदेशिक रोजगार चौवाटोमा रहेकोले अत्यन्तै सावधान भएर अघि बढ्नुपर्ने भन्दै त्यसबेला मन्त्रालयमा आएका सचिव केसीलाई संवेदनशील भई काम गर्न सुझाव दिएका थिए । तर सो अनुसार काम हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरुको गुनासो छ ।

सहसचिव रहँदा केही समय वैदेशिक रोजगार विभागमा महानिर्देशकको जिम्मेवारी सम्हालेका केसीले वैदेशिक रोजगार क्षेत्रलाई राम्रोसँग बुझेको र उनको कार्यकालमा समस्याहरुको समाधान हुने व्यवसायीहरुको शुरुमा ठूलो आशा देखिएको थियो । सचिव केसीले पद बहाली गर्दा वैदेशिक रोजगार व्यवसायीहरुसँग छलफल गरेर समस्याहरुको समाधानमा लाग्ने संक्षिप्त प्रतिक्रिया पनि दिएका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुरुमै संशोधित वैदेशिक रोजगार ऐन र सरकारले २०७६ भदौ १ गते जारी गरेको वैदेशिक रोजगार (पाँचौ संसोधन) नियमावली २०७६ का बाझिएका प्रावधानहरुमा एक रुपता ल्याउन माग गर्दै सचिव केसीलाई लिखित पत्र नै बुझाएको थियो । नियमावलीमा म्यानपावर कम्पनी नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्ष लगातर वार्षिक एक सय कामदार अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्थालाई संघले परिवर्तनको माग गरेको थियो ।

वार्षिक एक सय कामदार पठाउने अनिवार्यताले नवीकरणकै लागि अस्वस्थ प्रतिस्पर्धा भई अन्ततः कामदारलाई नै भार पर्ने, सञ्चालक वा उसको परिवारलाई गम्भीर रोग लागेर उपचार गर्दा समयले नभ्याई कामदार पठाउन नपाएमा पेशा व्यवसायबाटै हात धुनुपर्ने, कामदार जाने देशमा आर्थिक मन्दीजस्ता समस्या आई कामदार जानै नसक्ने अवस्था उत्पन्न हुनसक्ने कारणले म्यानपावर कम्पनी नवीकरण गर्न एक आर्थिक वर्षमा सय जना कामदार अनिवार्य पठाउने नियम हुन नहुने भन्दै व्यवसायीहरु सचिव केसीको विगत दश महिनाको अवधिमा पटक पटक ध्यान खिच्ने प्रयास गरेपनि मन्त्रालयबाट विदा हुँदासम्म त्यसमा कुनै संशोधनको प्रयाससम्म भएन ।

कार्यकालको अन्त्यतिर त ऐन र नियमावलीमा रहेका समस्या समाधानका लागि अन्य पक्ष भन्दा सचिव केसी नै वाधकका रुपमा उभिएको भन्दै व्यवसायीहरु आपसमा कानेखुशी गर्न थालेका थिए । विदाईको क्रममा भने सचिव केसीले सुधारका लागि आफुले उच्चतम प्रयास गरेको र मुलुकको आन्तरिक तथा वैदेशिक रोजगारका क्षेत्रमा केही ऐतिहासिक काम भएको बताए ।

### तयारी...

निर्देशन दिएको छ । यसअघि यस्तै निर्देशन प्रतिनिधिसभा अन्तर्गतका अन्तर्राष्ट्रिय सम्बन्ध समितिले पनि दिइसकेको छ । साथै सर्वोच्च अदालतले पनि यस्तै प्रकृतिको निर्देशन दिएको एक महिना भन्दा बढी समय भइसकेको छ ।

समितिले कोरोना भाइरसको महामारीका कारण खाने, बस्ने तथा स्वास्थ्य सुरक्षा लगायतका समस्याबाट पीडित भई संकट व्यहोरिरहेका विदेशमा रहेका नेपाली नागरिकहरुलाई प्राथमिकताका आधारमा स्वास्थ्य सुरक्षा सुनिश्चित हुनेगरी सकेसम्म छिटो स्वदेश फर्काउने व्यवस्था मिलाउन निर्देशन दिएको छ । समितिको बैठक सभापति पार्वती रावलको अध्यक्षतामा बसेको थियो ।

# 'विद्यालय सञ्चालन गर्ने वातावरण निर्माण गरौं'



**काठमाडौं/मस–** शिक्षाविद्हरुले विद्यालय स्तरको पठनपाठन सुचारु गर्ने व्यवस्था मिलाउन र एसईईको परीक्षा स्थगन गर्न सुझाव दिएका छन् । कोरोना भाइरस (कोभिड-१९)को संक्रमण रोकथामका लागि सरकारले लकडाउन लागू गरेपछि सबै विद्यालय र विश्वविद्यालयको पठनपाठन बन्द छ ।

लामो समयसम्म पठनपाठन बन्द गर्दा बालबालिकाको मनोविज्ञानमा असर पर्न सक्ने भन्दै कुनै न कुनै उपाय अपनाई विद्यालय सुचारु गर्न विज्ञहरुले सुझाव दिएका छन् । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति (प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त समिति)को आइतबारको बैठकमा विज्ञहरुले एसईईको परीक्षा स्थगित गर्न र विद्यालयलाई सञ्चालन गर्ने वातावरण निर्माण गर्न सुझाव दिएका हुन् ।

शिक्षाविद् डा. मनप्रसाद वाग्लेले विद्यार्थीहरुलाई पालैपालो सिफ्टवाइज विद्यालय बोलाएर पढाई सूचारु गर्नुपर्ने बताए । उनले अहिले देशभरका अधिकांश विद्यालयलाई क्वारेन्टाइन बनाइएको र त्यसको व्यवस्थापन कठिन हुने भन्दै सरकारले तत्काल विचार गर्नुपर्ने बताए ।

उनले विद्यालयलाई निर्मलिकरण गर्ने, पालैपालो विद्यालयमा बोलाउने, विद्यार्थीलाई मास्क, पञ्जा र स्यानिटाइजरको व्यवस्था गर्ने, प्रत्येक विद्यालयमा इन्फ्रारेड थर्मोमिटरको व्यवस्था गर्ने, शौचालयको राम्रो व्यवस्था गर्ने लागयतका काम गर्नपनि सुझाव दिए ।

लकडाउनमा केही विद्यालयहरुले अनलाइनबाट पढाई सुरु गरेका छन् । तर सबै विद्यार्थीहरुमा इन्टर नेटको उपलब्धता नहुने भएकाले उक्त प्रविधि सबैका लागि उपयुक्त नहुने पनि विज्ञहरुले बताएका छन् । सरकारले टेलिभिजन, रोडियो, छापा र अनलाइन मिडियाबाट पढाउने गरी पाठ्यक्रमको विकास गर्नपर्नेमा विज्ञहरुले सुझाव दिएका छन् । शिक्षाविद् डा. विद्यानाथ कोइरालाले अध्यादेश जारी गरेर भएपनि कक्षा १० र ११ को परीक्षा हटाउनुपर्ने बताए । उनले कोरोनाको समयमा विद्यालय सञ्चालन गर्न कठिन भए उत्पादनसँग जोडेर शिक्षा प्रणालीको विकास गर्नुपर्ने बताए ।

सांसद डा. मिनेन्द्र रिजालले प्रविधिको प्रयोग गरी विद्यायल शिक्षालाई सुचारु गर्न सकिने बताए । उनले सरकारले प्रविधिको विकासका लागि श्रोत दिने र स्थानीय तहबाट शिक्षाका क्रियाकलापलाई व्यवस्थापन गर्नेगरी काम गर्नुपर्ने बताए ।

सांसद पम्फा भुसालले विद्यालय शिक्षालाई नियमित कसरी गर्ने, परिमार्जन कसरी गर्ने भन्ने विषयमा तत्काल निर्णय गर्नुपर्ने बताइन् । उनले एसईई परीक्षा हटाई कक्षा १२ को परीक्षा परीक्षा बोर्डबाट लिनुपर्ने बताइन् । उनले एसईई परीक्षा सञ्चालन गर्ने विषयभित्र आर्थिक स्वार्थ समेत लुकेको हुनसक्ने भन्दै यसलाई हटाई कक्षा १२ को परीक्षा मात्रै लिनुपर्ने बताइन् ।

सांसद प्रभु साहले कोरोना भाइरसको जोखिमको अवस्था कति लामो समय सम्म जान्छ र विद्यालय कहिले सम्म बन्द हुन्छ भन्ने विषयमा स्पस्ट हुनुपर्ने बताए । उनले लामो समय विद्यालय बन्द हुने, अनलाइनको पाठ्यक्रमको विकास र प्रणालीको विकास गर्न समय लाग्ने भएकाले मन्त्रालयले योजनाको विषयमा समितिले जानकारी लिएर अगाडि बढ्नुपर्ने बताए ।

गत चैत ११ गतेदेखि लकडाउन भएपछि एसईईको परीक्षा स्थागित भएको छ । लकडाउनका कारण विद्यालयहरु सञ्चालनमा आउन पनि सकेका छैनन् । यस्तै लामो समयसम्म कोरोना भाइरसको संक्रमणको जोखिम देखिने अवस्थामा विद्यालय शिक्षामा असर पर्ने पक्का छ । किनभने अधिकांश विद्यालयलाई क्वारेन्टाइनको रुपमा प्रयोग गरिएको छ । जसले गर्दा विद्यालयलाई तत्काल सुचारु गर्न कठिनाई हुने छ ।

त्यस्तै लकडाउनपछि पनि विद्यालय सञ्चालन गर्न न्यूनतम स्वास्थ्य सुरक्षा अपनाउनको लागि प्रत्येक विद्यालयलाई स्वास्थ्य सामग्री उपलब्ध गराउनुपर्ने हुन्छ । त्यसको तयारी सरकारले अहिलेसम्म गरेको छैन । त्यसैले लामो समयसम्म विद्यालय बन्द हुने भन्दै विद्यालयलाई कसरी सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा समितिले छलफल सुरु गरेको हो ।

## कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकाको

# संयुक्त आइसोलेशन वार्ड निर्माण

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ११ जेठ



कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकाले संयुक्त रुपमा आइसोलेशन वार्ड निर्माण कार्य अगाडि बढाएको छ । कपिलवस्तु नगरपालिकाका प्रमुख किरण सिंह र यशोधरा गाउँपालिका प्रमुख गृजेश कुमार पाण्डेबीच यसबारे सहमति भई निर्माण कार्य अगाडि बढेको हो ।

दुवै स्थानीय निकायको समायोजनमा कपिलवस्तु नगरपालिका वडा नं. ११ मा नव निर्मित रेहरा स्वास्थ्य चौकीमा आइसोलेशन वार्ड सेन्टर निर्माण गर्ने कार्य तीव्र रुपले भइरहेको कपिलवस्तु नगरपालिका प्रमुख किरण सिंहले जानकारी दिए । कपिलवस्तु जिल्लामा कोरोना पोजिटिभ देखिएको अवस्थामा बुटवल पुऱ्याउनु पर्ने बाध्यतालाई मध्यनजर गरी कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकाका कोरोना पोजिटिभ बिरामीहरुलाई अब रेहरा स्वास्थ्य चौकीमा राखेर उपचारको व्यवस्था गरिएको पनि उनले बताए ।

यस्तै अहिले जिल्लाको सबै भन्दा बढी कोरोना पोजिटिभ देखिएको यशोधरा गाउँपालिकाका प्रमुख गृजेश कुमार पाण्डेयले आफूहरुले २५ बेडको आइशोलेशनमा वार्डको व्यवस्था कपिलवस्तु नगरपालिकाको संयोजनमा रेहरा स्वास्थ्य चौकीमा गरेको बताए । उक्त रेहरा स्वास्थ्य चौकी आइशोलेसन वार्ड सेन्टरको उद्घाटनमा वडा नं .११ का अध्यक्ष रामगोपाल यादव, वडा नं.८ का शिव कुमार पाण्डेय, वडा नं. ३ का प्रकाश गैरे तथा समाजसेवी बलराम प्रसाद तिवारी, जमशेद खान र उक्त स्वास्थ्य चौकी जग्गादाता गौरी शंकर शर्मालगायतको उपस्थिति रहेको थियो ।

# गाउँपालिकाद्वारा सञ्चारकर्मीहरुलाई स्वास्थ्य सामग्री वितरण

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ११ जेठ





नवलपरासीको प्रतापपुर गाउँपालिकाद्वारा सञ्चारकर्मीहरुलाई स्वास्थ्य सामग्री वितरण गरिएको छ । जिल्लामा कोरोना संक्रमितको संख्या बढेपछि सञ्चारकर्मीहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै उक्त गाउँपालिका अन्तर्गत क्रियाशिल सञ्चारकर्मीहरुलाई आइतबार स्वास्थ्य सामग्री एन-९५ मास्क, ह्यान्ड ग्लोब्स् र सेनिटाइजर वितरण गरिएको गाउँपालिका अध्यक्ष राजकुमार शर्माले बताए ।

कोरोना रोकथाम तथा नियन्त्रण गर्नको लागि गाउँपालिकाले विभिन्न किसिमका योजना सञ्चालन गरेको साथै आगामी दिनहरुमा सञ्चारकर्मीहरुलाई थप सहयोग गर्ने अध्यक्ष शर्माले बताए ।

कोरोना (कोभिड-१९) महामारीको समयमा आफ्नो स्वास्थ्यको परवाह नगरी दिनरात विभिन्न क्षेत्रहरुमा खटि सुचना सम्प्रेषण गरिरहेका ७ जना सञ्चारकर्मीहरुलाई स्वास्थ्य सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ ।

# एन्फाको प्राविधिक रिपोर्टमै त्रुटी !




**ANFA Complex**

ANFA Complex located in Lalitpur is a football stadium and a training facility. The venue also houses the headquarters of All Nepal Football Association (ANFA) built in 2000 under FIFA's Goal Project. Initially built as an office and hostel for youth-level players, a ground was constructed alongside the facility in order to train the players on site. The ground was declared as a national stadium in the time of 2015 SAFF U-19 Championship. The stadium also hosted the matches of the Martyr's Memorial 'A' Division League 2019/20 and holds a capacity of 6,000 audiences.

54 ANFA 2020

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ११ जेठ

अखिल नेपाल फुटबल संघ एन्फाले शहीद स्मारक ए डिभिजन लिग फुटबलको टेक्निकल रिपोर्टमा देखिएको त्रुटी सच्याउने भएको छ । एन्फाले शुक्रबार प्रकाशित गरेको टेक्निकल रिपोर्टमा एन्फा कम्पलेक्सको निर्माण फिफाको गोल प्रोजेक्टमा सन् २००० मा भएको उल्लेख छ। रिपोर्टमा उल्लेख भएको तथ्य प्रति एन्फाकै पूर्व अध्यक्ष गणेश थापाले सामाजिक सञ्जाल फेसबुक मार्फत असन्तुष्टि जनाएका थिए । थापाले गोल प्रोजेक्ट शुरु नै नभएको बेला एन्फाको आफ्नै लगानीमा कम्प्लेक्स निर्माण गरिएको बताएका थिए। पूर्व अध्यक्ष थापाले भने 'नेपालकै दशरथ रंगशालामा भएको म्याचबाट उठेको पैसा र साफ च्याम्पियनसिप आयोजना गर्दा खर्च जोगाएर कम्प्लेक्स बनाएका हौं । तत्कालिन पूर्व उपाध्यक्ष स्व. ललितकृष्ण श्रेष्ठको नेतृत्वमा २ वर्ष लगाएर यो प्रोजेक्ट २ करोड १८ लाखमा पुरा भएको थियो ।

एन्फाका प्रवक्ता किरण राईले प्राविधिक रिपोर्ट प्रकाशन गर्दा भएको त्रुटी प्रति आफूहरुको ध्यानाकर्षण भएको जनाएका छन् । उनले कसैको इतिहास मेट्ने काम आफूहरुबाट नभएको बताउँदै, शव्द चयनमा गल्ति भएकाले यसलाई सच्याउने प्रतिबद्धता जनाए ।

राईले भने 'एन्फा पूर्व अध्यक्ष गणेश थापाको पालमा एन्फा भवन, प्राकृतिक मैदान र होस्टेलको २ तला निर्माण भएको हो ।'

सन् २००१ मा फिफाको गोल प्रोजेक्ट शुरु भएपछि २ वटा प्यारापिट, आर्टिफिसियल टर्फ र २ तला थप भएको प्रवक्ता राईको भनाई छ ।

एन्फा कम्प्लेक्समा गोल प्रोजेक्टको पैसा परेको छैन भन्ने अवस्था नभए पनि पहिलो निर्माण भने एन्फाको आफ्नै लगानीबाट भएको बताए ।

ए डिभिजन लिगको प्राविधिक रिपोर्टमा एन्फा कम्प्लेक्सको बारेमा जानकारी दिँदा पुनरआधुनिकीकरण गरेको भन्ने उल्लेख गरेको भए अहिलेको विवाद नआउने उनको भनाई छ ।

अहिलेको एन्फामा गणेश थापा वा अरु कसैको इतिहास मेट्ने मनशाय नभएको बताउँदै राईले यसलाई सच्याउने प्रष्ट पारे ।

एन्फाले गोल प्रोजेक्ट शुरु हुनुपूर्व नै एन्फाले यो प्रोजेक्ट बनाएकाले यसको अनुगमन फिफाले पनि गरेको थियो । सन् २००० मा यस प्रोजेक्टलाई उदाहरणका लागि फिफा कँग्रेसमा पनि पेश भएको र यस विषयमा फिफा अध्यक्ष शेफ ब्लाटर नेपाल आएका बेला तत्कालिन अध्यक्ष गणेश थापाले आफूहरुकै लगानीमा यो प्रोजेक्ट तयार भएको बताएका थिए। एन्फा कम्प्लेक्स हेरिसके पछि २००१ मा फिफाले तीन देशमा गोल प्रोजेक्ट शुरु गर्दा नेपाल, प्यालेस्टाइन र जोर्डन छनोटमा परेका थिए ।

पहिलो पटक एन्फाले प्राविधिक रिपोर्ट सार्वजनिक गरेकाले यस विषयमा भएको त्रुटीहरु सच्याएर अघि बढ्ने प्रवक्ता राईले बताए । उनले भने 'एन्फा कम्प्लेक्सको मात्रै कुरा होइन, सबै कुरा सत्य तथ्य हुनुपर्छ भन्नेमा आफूहरु प्रष्ट भएकाले गल्ती कमिकमजोरीहरु सच्याउन हामी तयार छौं ।'

# बुन्डेस लिगामा बायर्न म्युनिख विजयी




काठमाडौं, एजेन्सी- जर्मन बुन्डेस लिगा फुटबलमा अक्सबर्ग विजयी भएको छ। आइतबार भएको खेलमा अक्सबगर्गले साल्केमाथि ३-० गोल अन्तरको जीत निकालेको हो । जीतसँगै अक्सबर्ग तालिकाको १३ औं स्थानमा उक्लिएको छ भने पराजित भएको साल्के आठौं स्थानमा छ ।

कोरोना महामारीकाबीच बन्द रंगशालामा भएको खेलमा एडुआर्ड लरेन्सले छैटौं मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए । पहिलो हाफमा एक गोल गरेको अक्सबर्गले दोस्रो हाफमा २ गोल थपेको थियो ।

७६ औं मिनेटमा नूह सरनेरेन बाजीले गोल गर्दै अग्रता दोब्बर बनाए । त्यसपछि ९० औं मिनेटमा कारडोभाले गोल गरेपछि अक्सबर्ग ३-० ले विजयी भयो । कोरोनापछि सुचारु भएको बुन्डेसलिगामा साल्केको लगातार दोस्रो हार हो । यसअघि साल्के बोरुसिया डर्टमुण्डसँग चार शुन्यले पराजित भएको थियो ।

शनिबार राति भएको खेलमा लिग लिडर बायर्न म्युनिखले सहज जित हात पारेको छ । बायर्नले फ्रान्कफर्टलाई ५-२ गोल अन्तरले पराजित गरेको हो ।

जीतसँगै बायर्न म्युनिखले तालिकामा फेरि ४ अंकको अग्रता लिन सफल भएको छ । म्युनिखको ६१ अंक भएको छ भने दोस्रो स्थानमा रहेका बेरुसिया डर्टमण्डको ५७ अंक रहेको छ ।

घरेलु मैदानमा म्युनिखले १७ औं मिनेटमा अग्रता लिएको थियो । उसका लागि लियोन गोर्टेज्काले गोल गर्दै अग्रता दिलाएका हुन् । ४१ औं मिनेटमा थोमस मुलरले गोल गरेपछि पहिलो हाफमा म्युनिखले २-० को अग्रता लिएको थियो । दोस्रो हाफको पहिलो मिनेटमा रोबर्टो लेवान्डोस्कीले गोल गरेपछि बायर्न म्युनिखले अग्रता ३-० बनाएको थियो । फ्रान्कफन्टका लागि मार्टिन हिटेंगरले लगातार २ गोल गर्दै अग्रता ३-२ मा ल्याएका थिए । उनले ५२ औं र ५५ औं मिनेटमा गोल गरेपछि फ्रान्कफर्ट खेलमा फर्कन प्रयास गरेको थियो ।

अल्फान्सो डेभिसले ६१ औं मिनेटमा गोल गरेपछि बायर्नले ४-२ गोलको अग्रता बनायो । फ्रान्कफर्टका लागि २ गोल गरेका हेटेंगरले आत्मघाति गोल गरेपछि बार्यन अन्तमा ५-२ गोलले विजयी हुँदै स्पष्ट तीन अंक जोडेको हो ।

यस्तै शनिबार राति नै भएको अर्को खेलमा बायर लिभरकुसेन विजयी भएको थियो । बोरुसिया मोन्चेलाई ३-१ गोल अन्तरले पराजित गरेको हो । जीतसँगै लिभरकुसेन तालिकामा ५३ अंकसहित तेस्रो स्थानमा रहेको छ । बोरुसियाको मैदानमा भएको खेलमा लिभरकुसनलाई जिताउन कै हार्भिटजले २ तथा स्भेन बेन्डरले एक गोल गरेका थिए ।

बोरुसियाका लागि मार्कस थुरमले एक गोल फर्काए । सातौं मिनेटमा गोल गर्दै कै हार्भिटजले गोल गर्दै पाहुना टोली लिभरकुसेनलाई शुरुआती अग्रता दिलाएका थिए । पहिलो हाफमा एक गोलको अग्रता लिएको लिभरकुसनले दोस्रो हाफको शुरुमा भने अग्रता गुमाएको थियो ।

५१ औं मिनेटमा बोरुसियाका थुरमले गोल गर्दै एक एक गोलको बराबरीमा ल्याएका थिए । ५८ औं मिनेटमा हार्भिटजले पेनाल्टी मार्फत गोल गर्दै अग्रता २-१ को अवस्थामा पुर्‍याए ।

यस्तै बेन्डरले ८१ औं मिनेटमा गोल थपेपछि लिभरकुसेन तीन एक गोल अन्तरले विजयी भयो। शनिबार राति नै भएको अर्को खेलमा विडर ब्रेमेनले फेरिबर्गलाई १-० गोल अन्तरले पराजित गरेको छ। ब्रेमेनका लागि लियोनार्दो विटेनकोर्टले १९ औं मिनेटमा गरेको गोल नै निर्णायक बन्न पुग्यो ।

यस्तै अर्को खेलमा पेडरबर्न र हफेनले एक एक गोलको बराबरी खेलेका छन् । पहिलो हाफ भित्र दुवै टिमले एक एक गोल गरेपनि बाँकी समयमा गोल नहुँदा दुई टिम अंक बाड्न बाध्य भएका थिए । हफेन नवौं तथा पेडरबर्न तालिकाको पुछारमा रहेको छ ।

कोरोना भाइरसको महामारीका बीचमा जर्मनमा बुन्डेस लिगा शुरु भएको हो । बुन्डेस लिगाका खेलहरु दर्शक विहीन रंगशालामा सञ्चालन भएका छन् ।

# 'हाम्रो प्रयोगशालाबाट भाइरस बाहिरिएको छैन'



**न्युयोर्क, एजेन्सी**-कोरोनाभाइरसको विश्वव्यापी महामारी मध्य चीनको उहान इन्स्टिच्यूट अफ भाइरोलोजीबाट प्रारम्भ भएको भन्ने ट्रम्प प्रशासनको दाबी 'पूर्णतः बनावटी र मनगढन्ते' रहेको इन्स्टिच्यूटका निर्देशकले दाबी गरेका छन् ।

निर्देशक वाङ यीले आइतबार राज्यसंचालित संचारमाध्यमलाई दिएको अन्तर्वार्तामा भनेका छन्, 'इन्स्टिच्यूटलाई यो भाइरसबारे यसअघि न त कुनै ज्ञान थियो न हामीले सामना गरेका थियौं, न अनुसन्धान गरिएको वा यो भाइरस हामीले राखेका थियौं । हामीलाई भाइरसको अस्तित्वको बारेमा पनि थाहा थिएन। हामीसँगै हुँदै नभएको कुरा कसरी हाम्रो ल्याबबाट बाहिरियो ?'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेश मंत्री माइक पोम्पेओले उहानमा भेटिएको भाइरस उहान प्रयोगशालाबाटै कुनै तरिकामा बाहिर छाडिएको भन्दै निरन्तर दाबी गर्दै आएका छन् । धेरैजसो वैज्ञानिकहरूले ५४ लाख व्यक्तिमा संक्रमित भइसकेको तथा ३ लाख ४४ हजारभन्दा बढी मानिसको ज्यान लिइसकेको यो कोरोनाभाइरस चमेरोबाट मानिसमा संक्रमित भएको दाबी गरिरहेका छन् । यो भाइरस उहानमा जथाभावी बेचिने वन्यजन्तुको मासुबाट मानिसमा सरेको हुनसक्ने उनीहरुको भनाई छ ।

पछिल्ला दिनहरुमा यस भाइरसले एसिया र विश्वका अन्य भागहरूमा प्रभाव सिर्जना गर्न थालेको छ । चीनमा आइतबार तीन जनामा संक्रमण देखिएको छ भने चीनमा कोविड-१९ को उपचार गराइरहेका बिरामीको संख्या ७९ जना मात्र छ ।

दी न्युयोर्क टाइम्सले आइतवारको पूरै पहिलो पृष्ठमा महामारीमा ज्यान गुमाउने व्यक्तिहरूको नामको लामो सूची छापेको छ । अमेरिकामा करिब एक लाखको मृत्यु हुन लागेको र यो एक अपूर्व नोक्सान हो भन्दै उक्त अखबारले विशेष महत्वका साथ कतिपय निधन भएका व्यक्तिको जीवनी छापेको छ । "यो फगत नामावली मात्र होइन । उनीहरु हामीजस्तै मानव थिए," उपशीर्षकमा भनिएको छ ।

अष्ट्रेलियामा अधिकारीहरूले ६० लाख बासिन्दाहरूले मोबाइल एप डाउनलोड गरेका बताएका छन् । यस एपको मद्दतबाट स्वास्थ्य अधिकारीहरूलाई कोरोनाभाइरस संक्रमण पत्ता लगाउन सहयोग पुग्नेछ । संघीय स्वास्थ्य मन्त्री ग्रेग हन्टले कोविड-सेफ एपको अनुप्रयोगले अस्ट्रेलियामा कोरोनाभाइरस नियन्त्रणमा निकै महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

संयुक्तराज्य अमेरिकामा सावधानीपूर्वक राज्यहरु एकपछि अर्को खोल्नेक्रमलाई निरन्तरता दिइएको छ। वासिङ्टनको स्पोकेनमा रहेको एउटा पास्ता कम्पनीले आफ्नो प्लान्टमा कोरोना फैलिएको जनाएको छ भने अलास्का बेसबल लिगले आफ्नो ग्रीष्मकालीन प्रतियोगिता रद्द गरेको छ ।

मेमोरियल डे सप्ताहान्तका अवसरमा ट्रम्पले शनिबार गल्फ खेल्नु भएको थियो। उहाँले अमेरिकी राज्यहरूलाई लकडाउनलाई सहज बनाउन आग्रह गर्नु भएको छ । यद्यपि धेरै अमेरिकीहरू कोविड-१९ बाट सतर्क देखिएका छन् किनभने राष्ट्रव्यापी पुष्टि भएका घटनाहरूको संख्या १६ लाख नाघिसकेको छ ।

क्यालिफोर्नियामा धेरै व्यवसाय र मनोरन्जन गतिविधिहरू फेरि खुल्न थालेका छन् भने लस एन्जलस काउन्टीका अधिकारीहरूले जुलाई ४ तारिखसम्म कडा प्रतिबन्ध कायम राख्ने बताएका छन् । न्यूयोर्कमा पहिलोपटक धेरै हप्तापछि कोरोनाभाइरसबाट दैनिक मृत्यु सबैभन्दा कम अर्थात् ८४ जनाको मृत्यु भएको छ । एकपटक अप्रिल ८ मा यस राज्यमा एकै दिन ७९९ जनासम्मको ज्यान गएको थियो ।

करिब एक लाख ५५ हजार संक्रमित देखिएको टर्कीले रमजानको दिनमा पनि कडा लकडाउन जारी राखेको छ । यमनका हुथी विद्रोहीहरूले धार्मिक कार्यमा मास्कको प्रयोग गर्न र घरभित्र बस्न आग्रह गरेका छन् । कोरोनाभाइरस नियन्त्रणमा प्रशंसनीय कार्य गरेको जर्मनीको उत्तरपश्चिममा रहेको एउटा रेष्टुरेन्टमा सात जनामा संक्रमण भएको देखिएको छ । दुई हप्ता अघि रेष्टुरेन्टहरू खोलिएपछि यो पहिलो घटना हो ।

ल्याटिन अमेरिका भाइरसको नयाँ केन्द्रबिन्दुका रुपमा प्रकट भएको छ । विज्ञहरूले सरकारी कार्यको सीमितताका कारण संक्रमण व्यापक रुपमा फैलिएको बताएका छन् । यी मुलुकमा लाखौं मानिस अनौपचारिक रोजगारीमा छन् र उनीहरु सबैलाई नियन्त्रणमा राख्नु प्रहरीका लागि फलामको च्युरा चपाएसरह हो ।

ब्राजिल र मेक्सिकोमा यस हप्ता लगभग दैनिक संक्रमण र मृत्युको रेकर्ड संख्या देखिएको छ । लकडाउनप्रति खासै चासो नदिएको भन्दै यी दुबै मुलुकका राष्ट्रपतिमाथि चौतर्फी आलोचना भइरहेको छ । पेरू, चिली र इक्वेडरको स्वास्थ्य सेवामा ठूलो समस्या देखिएको छ ।

भारतमा दैनिक ६ हजारभन्दा बढी व्यक्ति संक्रमित भेटिएसँगै यहाँ चिन्ता बढेको छ । भारतमा दुई महिनादेखि जारी लकडाउन खुकुलो बनाएसँगै संक्रमितको संख्या नाटकीय रुपमा बढेको छ ।

केही देशमा संक्रमणको दोस्रो लहर देखिँदैछ । युरोपमा पछिल्लो पटक नराम्रोसँग प्रभावित रूसले भाइरस प्रसार रोक्न विशेष कदम चालिरहेको छ तर शनिबार एकै दिन ९ हजारभन्दा बढी व्यक्तिमा संक्रमण देखिएको छ ।

# अफगानिस्तानमा तीन दिन युद्धविराम



**इस्लामावाद, एजेन्सी**- अफगानिस्तानमा तालिवान समूह र सरकारी पक्षले तीन दिने युद्धविरामको घोषणा गरेका छन् ।

मुस्लीम धर्मावलम्बीहरुको महत्वपूर्ण चाड मानिने रमजानको अवसरमा युद्धविरामको घोषणा गरिएको दुवै पक्षले जनाएका छन् ।

आइतबारदेखि लागु हुनेगरी शनिबार राती अबेर दुवै पक्षले युद्धविराम घोषणा गरेको स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन् ।

मुस्लिम धर्मावलम्बीहरुको महत्वपूर्ण चाड रमजानको समापनको समय आएकाले मुस्लिम बाहुल्यता रहेको अफगानिस्तानमा दुवै पक्षले युद्धविराम घोषणा गरेका हुन् । तालिबान विद्रोहीको तर्फबाट युद्धविराम घोषणा गर्दै जारी गरिएको सूचनामा यस अवधिमा कुनै हिंसात्मक घटना आफ्नो तर्फबाट नहुने दावी गरिएको छ । अफगानिस्तानमा विभिन्न विद्रोही समूह र सरकारी पक्षका विचमा लामो समयदेखि द्वन्द्व चल्दै आएको छ । द्वन्द्वका कारण हजारौंको मृत्यु भइसकेको छ भने त्यो भन्दा धेरै विस्थापित भएका छन् ।

अफगानिस्तानका दुवै पक्षले युद्धविराम घोषणा गरेकोप्रति संयुक्त राष्ट्रसंघले खुशी व्यक्त गर्दै स्वागत गरेको छ । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले यसअघि भएको शान्ति सम्झौतालाई पूर्ण रुपमा पालना गर्न आह्वान पनि गरेका छन् । अहिले घोषित युद्धविरामलाई निरन्तरता दिँदै शान्ति प्रक्रियाबाट अगाडी बढ्नु पर्नेमा उनले जोड दिएका छन् ।

# उत्तर कोरियामा गुप्तचर प्रमुख र सुरक्षा गार्ड परिवर्तन



**काठमाडौं, एजेन्सी**–उत्तर कोरियाली नेता किम जोङ उन पुनः २३ दिनपछि सार्वजनिक कार्यक्रममा सहभागी भएका छन् । करिब तीन सातापछि उनी उत्तर कोरियाली सैनिकको एक बैठकमा उपस्थित भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

'बैठकले देशको परमाणु शक्ति सुदृढिकरण गर्ने तथा रणनीतिक सैन्य अभियानका लागि उच्च उतर्कतामा राख्ने निर्णय गरेको छ,' उत्तर कोरियाली सरकारी समाचार एजेन्सी केसिएनएले भनेको छ ।

नेता किमले सैनिकहरुलाई सम्बोधन गर्दै गरेको तस्बिर समेत जारी गरेको छ । उनी गत १ मेमा एउटा मल फ्याक्ट्रीको उद्घाटनमा देखिएपछि सार्वजनिक कार्यक्रममा सहभागी भएका थिएनन् ।

त्यसअघि ११ अप्रिलदेखि बेपत्ता भएका उनी १ मेमा देखा परेका थिए । उनी पछिल्लो समयमा मुटुको शल्यक्रियापछि आराम गरिरहेको र उनको स्वास्थ्य पहिलेजस्तो राम्रो नरहेको रिपोर्टहरु आइरहेका छन् ।

गत साता उनले अचानक आफ्ना सुरक्षा गार्ड र उत्तर कोरियाली गुप्तचर निकायका प्रमुख परिवर्तन गरेको दक्षिण कोरियाली सञ्चारमाध्यमले जनाएका छन् । तर सुरक्षा गार्ड र गुप्तचर प्रमुख परिवर्तनबारे अहिलेसम्म कुनै कारण बाहिर आएको छैन ।

# खेलाडीलाई अनलाइन प्रशिक्षण



**काठमाडौं, मस**-कोरोना भाइरसको महामारीका कारण नेपाल पनि अहिले लकडाउनमा छ । लकडाउनका कारण विभिन्न गतिविधिहरु स्थगित भएकाबेला यसको प्रभाव नेपाली खेलकुदमा पनि परेको छ । विश्व खेलकुद अर्न्तगत युरोपको जर्मनीमा फुटबल लिग बन्द रंगशालामा शुरु भइसकेको छ भने अन्य लिगहरु पनि यसैगरी शुरुहुने क्रममा रहेका छन् ।

नेपालमा सबै खेलकुद गतिविधिहरु ठप्प हुँदा खेलाडीहरु घरमै बसेका छन् । उनीहरुले आफू अनुकुल घरमै अभ्यास गर्नु बाहेक अरु काम भने गर्न पाएका छैनन् ।

यस्तोमा केहि संघहरुले खेलाडीलाई अनलाईनको माध्यमबाट प्रशिक्षण दिइरहेका छन् । जसमा नेपाल तेक्वान्दो संघले आफ्ना केहि खेलाडीलाई अनलाइनको माध्यमबाट नियमित प्रशिक्षण दिइरहेको जनाएको छ ।

हाल अनलाइन बस्न सक्ने र इन्टरनेटको सुविधा भएका खेलाडीलाई जुमको माध्यमबाट अनलाईनबाट प्रशिक्षण दिइएको हो । तेक्वान्दो प्रशिक्षक दीपक विष्टले हरेक दिन विहान एक डेढ घण्टा अनलाइन आउने खेलाडीलाई प्रशिक्षणको तालिका दिने र त्यहि अनुसार खेलाडीले प्रशिक्षण गरिरहेको बताए ।

लकडाउनका बेला केहि खेलाडी आफ्नो घर गएकाले धेरै खेलाडीको सहभागिता हुन नपाए पनि अहिले १०-१२ जना खेलाडी नियमित प्रशिक्षणमा रहेको विष्टले बताए। विष्टले हाल पदक जितेका खेलाडी र विभागिए टिम आर्मीका केहि खेलाडीले नियमित अनलाइनबाट प्रशिक्षण लिइरहेको बताए ।

केहि समय अगाडी नेपाल ओलम्पिक कमिटीले खेलाडीलाई मानसिक तरिकाले फिट राख्नका लागि अनलाईन कोर्षको सुचारु गरेको थियो । जुन सकिएको छ। यस्तै कराँतेले पनि अनलाईन प्रशिक्षण गरेको थियो । कोरोना भाइरसको संक्रमण कम भएर खेलाडी प्रशिक्षणमा फर्किदापनि उनीहरुलाई पुरानो लयमा फर्कन चुनौती रहेकाले मनोबैज्ञानिक प्रशिक्षणको पनि आवश्यकता रहेको परिषद्को भनाई छ ।

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी बिकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन इकाई, गुल्मी**

**शिलबन्दी दरभाउपत्रको सूचना**

**शिलवन्दी दरभाउपत्रको सूचना नं. 01/2076/2077**
**प्रथम पटक प्रकाशन मितिः २०७७/०२/१२**

यस कार्यालयको लागि आ.व. 2076/77 मा आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान शिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**कामको विवरण** :- Submersible Pump With Controller (2Hp/3Hp), Solar PV Module (2.2KW), Mounting Frame (Local), HDP Pipe (Length-1000 meter) (50mm DIA, 10Kg/Cm2), Installation & All Complete Civil Works & Other Assoceries (Local), Delivery & Transport (Local) लागत अनुमान (कन्टीजेन्सी र भ्याट सहित) रु. 15,00,000।- जमानत रकम (2.5%) रु. 37,500/- विस्तृत जानकारीका लागि यस इकाईको वेभसाईट www.maizegulmi.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएकाले कार्यालयको सम्पर्क नं. 079-520867, 521090 मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## माथिल्लो तामाकोशी

# सकिनै लाग्यो ठाडो सुरुङको काम

**रमेश लम्साल/रासस**
काठमाडौँ, ११ जेठ

सरकारले कोरोनाको महामारी रोक्न लकडाउन गरेको आज ठ्याक्कै ६२ दिन भयो। मुलुकको सम्पूर्ण आर्थिक क्रियाकलाप प्राय ठप्प छ। नागरिक घरभित्रै छन्। पेशा व्यवसायमा समेत कोरोनाले कहर निम्त्याइदिएको छ। देशभित्र पनि कोरोना सङ्क्रमित हुनेको सङ्ख्या बढ्दै गएको छ।

कोरोना कहरका बीचमा पनि घरभित्र रहेका नेपाली नागरिकलाई आशाको सञ्चार भर्ने केही काम भने नियमित भइरहेका छन्। विपद्सँग जुध्दै भएका कामले नेपाली नागरिकलाई एकखालको आत्मविश्वास भरिदिएको छ। त्यसले सरकारी निकाय काममा छन् र उनीहरूले नेपाली जनतालाई लकडाउनमा पनि विश्वास भर्न अभिप्रेरित छन् भन्ने देखाएको छ।

लाखौँ नेपालीको आशा र भरोसाको केन्द्रविन्दुमा रहेको माथिल्लो तामाकोशीले लकडाउनमा दिएको सन्देश घरभित्रै बस्न बाध्य भएका नेपालीलाई हर्षित तुल्याउने खालको छ। आयोजनामा लगानी गर्ने शेयरधनीको सङ्ख्या १० लाख बढी छन्। नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो। कोरोनाको सङ्क्रमण हुन नदिन सरकारले लकडाउन घोषणा गरेपछि आयोजनाको काम केही समय प्रभावित भयो। एकाध दिन रोकिए पनि आयोजनाले सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अपनाएर काम चालू नै राखिएको छ। यसअघि तय गरिएको कार्यतालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो।

विषम अवस्थामा पनि केही भौतिक निर्माणका आयोजना भने आफ्नै रफ्तारमा अगाडि बढेका छन्। प्रगति पनि लोभलाग्दो देखिएको छ। देशको आर्थिक समृद्धिमा समेत महत्वपूर्ण स्थान राख्ने माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम यतिखेर पनि जारी छ। लकडाउनमा पनि काम भइरहेको छ? हो, आम मानिसले सोचेभन्दा भिन्नै तरिकाले माथिल्लो तामाकोशीको काम धमाधम भइरहेको छ। मन्त्रिपरिषद्को गत वैशाख २४ गतेको निर्णयपछि त झन् आयोजनालाई थप सहज भएको छ।



आयोजनाका प्रवक्ता डा गणेश न्यौपानेका अनुसार सबैभन्दा जटिल मानिएको दुई ठाडो सुरुङको कामसमेत लकडाउनको समयमा उल्लेख्य प्रगति भएको छ। कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये अब बाँकी ६० मिटर मात्रै छ। गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरु भएको थियो। कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान सम्पन्न भएको छ। पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ। एउटा पाइप राख्न न्यूनतम पाँच दिन लाग्ने भएकाले आगामी असारसम्म ठाडो सुरुङमा पाइप जडानको काम सम्पन्न हुनेछ।

तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरिरहेको छ। यस्तै कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले पनि लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ। प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये हालसम्म २५० मिटरमा पाइप जडान भइसकेको छ। अब सो सुरुङमा मात्रै ६० मिटर पाइप जडान गर्न बाँकी छ। सोमबार र मङ्गलबार पनि पाइप जडान गर्ने कार्यतालिका रहेकाले अब ५४ मिटरमा झर्नेछ। पाइप जडानको काम प्रभावकारीरूपमा अगाडि बढेको र एउटा पाइप जडानका लागि पाँच कार्य दिन लाग्ने गरी व्यवस्थापन मिलाइएकाले आगामी असारको पहिलो सातासम्म सबैभन्दा जटिल मानिएको ठाडो सुरुङमा पाइप जडान सकिने प्रवक्ता डा न्यौपानेले जानकारी दिए।

यस्तै आयोजनाको सुरुङको तेर्सो स्थानमा जडान हुने केही पाइपको पनि जडानको काम अगाडि बढ्नेछ भने घुमेको पाइप जडानको काममा समेत गति दिने तयारी गरिएको छ। यस्तै सुरुङमा कङ्क्रिट लाइनिङ र ग्राउटिङको कामसमेत भइरहेको छ। केही सामान भने भारतीय ठेकेदार कम्पनी टेक्सम्याको कारखानामा रहेका कारण लकडाउनका कारण आयात गर्न समस्या परेको छ। प्रवक्ता न्यौपानेले सिमेन्ट र की अत्यावश्यक सामग्री आयातका लागि सहजीकरण गरिदिन गृह मन्त्रालयलाई आग्रह गरिएको बताए।

राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीको प्रबन्ध गरिदिएकाले पनि थप सहजता पैदा भएको छ। आयोजनाले यसअघि केही अत्यावश्यक सिमेन्ट, रडलगायत सामग्रीको नियमित आपूर्ति गरेको थियो। आयोजनास्थलमा लकडाउनको समयमा समेत झण्डै ६५० श्रमिक हाल पनि कार्यरत छन्।

केही श्रमिकले भने घर जान पाए हुन्थ्यो भन्ने माग आयोजनासमक्ष राखेका छन्। उनीहरूलाई उत्प्रेरित गरेर काममा लगाइएको जानकारी प्राप्त भएको छ। लकडाउनका कारण यही वैशाखमै पाइप जडानको काम सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि केही दिन काम बन्द हुँदा समयसीमा पर सरेको हो। यस्तै ठाडो सुरुङमा पाइप जडानका अलावा त्यसको गास (जोड्ने स्थान) मा पनि पाइप जडान गर्नुपर्ने काम बाँकी छ। सो काममा लागि थप १५ दिन लाग्ने भएकाले असारभरिमा निर्माणको काम सम्पन्न गर्ने तयारीमा आयोजना छ। यस्तै विद्युत् उत्पादन गर्ने उपकरणलगायत सामग्री भने जडान गरेर तम्तयारी हालतमा राखिएको छ। पाइप जडानलगायत अन्य प्राविधिक काम सम्पन्न गरेर सकेसम्म चाँडो पहिलो युनिट सञ्चालनमा ल्याउने तयारीमा नेपाल विद्युत् प्राधिकरणसमेत जुटेको छ। एउटा युनिटबाट ७६ मेगावाट विद्युत् उत्पादन हुने छ। आयोजनामा कूल छ वटा विद्युत् उत्पादन गर्ने युनिट रहेका छन्।

माथिल्लो तामाकोशी यस्तो आयोजना हो, जहाँ सुरक्षाका सम्पूर्ण उपाय अपनाएर लकडाउनमा समेत काम भइरहेको छ। जुन अन्य आयोजनाका लागि समेत अनुकरणीय देखिएको छ। काम भइरहँदा आयोजनाका पदाधिकारीलाई अन्य कुराले भन्दा पनि निर्माण सामग्रीको ढुवानी रोकिँदा भने समस्या आइलाग्छ कि भन्ने चिन्ताले भने अहिले पनि सताइरहेको छ। सो समस्यासमेत हल भएको खण्डमा चालू आवको अन्त्यसम्म आयोजना निर्माण सम्पन्न हुने चरणमा पुग्नेछ। सबै व्यवस्था मिलेको खण्डमा राष्ट्रिय गौरवका आयोजनामध्ये सबैभन्दा पहिले सकिने आयोजनाका रूपमा माथिल्लो तामाकोशी चित्रित हुने भएको छ।

जिल्ला प्रशासन कार्यालय दोलखाले आयोजनालाई सहजीकरण गरिरहेको छ। अत्यावश्यक पास तथा अन्य सुविधासमेत उपलब्ध गराएको छ। आयोजनाको महत्व र गाम्भीर्यतालाई बुझेर जिल्ला प्रशासन कार्यालयले आवश्यक सहयोग गरेको छ। आयोजनामा कार्यरत श्रमिकलाई व्यक्तिगतरूपमा सुरक्षाको राम्रो प्रबन्ध गरिएको छ। प्रवक्ता न्यौपानेका अनुसार बाँधतर्फको सिभिलको काम पूरा भएको छ। हाइड्रोमेकानिकल गेट राख्ने तयारी गरिएको छ।

सरकारले विशेष व्यवस्था गरेर राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउने प्रबन्ध गरेको छ। पछिल्लोपटक यही वैशाख २४ गते बसेको मन्त्रिपरिषद्को बैठकले माथिल्लो तामाकोशीलगायत आयोजनालाई लकडाउनको समयमा समेत काम गर्न सक्ने गरी विशेष व्यवस्था गरेका कारण पनि थप सहजता भएको छ। आयोजनास्थलमा एक एम्बुलेन्स अनिवार्यरूपमा राख्नैपर्ने, निर्माणस्थलमा खटिएका कामदारलाई आइसोलेसनमा बसेजस्तै गरी स्थानीयवासीसँगको सम्पर्क गर्न नदिने तथा व्यक्तिगत सुरक्षाको प्रबन्ध गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्तै आयोजनास्थलमा एक मेडिकल टिम अनिवार्यरूपमा राख्ने व्यवस्था गरिएको छ। कुनै स्वास्थ्य समस्या देखिनेबित्तिकै उपचारको प्रबन्ध गर्न व्यवस्था गरिएको छ। कोभिड-१९ समन्वय समितिको बैठकले ठूला आयोजना तथा दैनिक उपभोग्य वस्तुको उत्पादन गर्ने उद्योग सञ्चालन गर्ने निर्णय यसअघि नै गरेको छ। सोही आधारमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशीको काम चालू हालतमा छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पुनका अनुसार निर्माण सामग्री आयातमा समेत सहजीकरण गरिएको छ। मन्त्री पुनका अनुसार ठूला आयोजनामा काम गर्ने वातावरण गत चैत २० गतेदेखि नै मिलाइएको थियो। ऊर्जाका आयोजना मात्रै नभइ अन्य खालका उद्योग सञ्चालन गर्ने भन्ने निर्णय भएअनुसार नै प्रक्रिया अगाडि बढाइएको मन्त्री पुनको भनाइ छ। विशेषगरी कोरोनाको सङ्क्रमण फैलन नदिन श्रमिकको स्वास्थ्य सुरक्षाको ग्यारेन्टी गर्ने विषय प्रमुख प्राथमिकतामा छ। अन्य नागरिकसँग घुलमिल नहुने वातावरण बनाउने, हरेक आयोजनामा एक एम्बुलेन्स र मेडिकल युनिट रहनैपर्ने व्यवस्था गरिएको छ।

कूल ४५६ मेगावाट क्षमताको सो आयोजनाको हाल भौतिक प्रगति ९९ दशमलव चार प्रतिशत पुगेको छ। निर्माण सम्पन्न हुनै लागेका जलविद्युत् आयोजनाको कामलाई निरन्तरता दिन अत्यावश्यक निर्माण सामग्री ढुवानीका लागि गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाइदिएको छ। यस्तै प्रसारण लाइन निर्माण र सवस्टेशनको कामसमेत सम्पन्न हुने चरणमा पुगेको छ। कूल २२० केभी क्षमताको प्रसारण लाइन निर्माण सकिएको भए पनि केही मल्टिसर्किटका टावर भने निर्माण गर्न बाँकी छ। त्यस्तै न्यूखिम्ती सवस्टेशनमा भने कामदारको अभावले निर्माणको काम रोकिएको छ। आर्थिक समृद्धिको लक्ष्यमा महत्वपूर्ण योगदान गर्ने विश्वास लिइएको माथिल्लो तामाकोशीबाट एकाध महिनामा विद्युत् उत्पादन हुने विश्वास गर्न सकिन्छ।

## स्वास्थ्य प्रतिष्ठानको बजेट निरन्तरतामा ध्यानाकर्षण

**लहान/मस**-आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रमले सप्तरीमा प्रस्तावित गजेन्द्र नारायण सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई नसमेटिएको भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता/कार्यकर्ता तथा नागरिक समाजका अगुवाले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन्।

नेकपाका नेता तथा पूर्वसिँचाइमन्त्री उमेशकुमार यादव, नेकपा सप्तरीका सचिव तथा प्रदेशसभा सदस्य गोविन्द न्यौपाने, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, सञ्चार उद्यमी शिवनारायण साह, पूर्व सांसदहरू दानालाल चौधरी, असर्फी सदालगायतले आज सप्तरीका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र पठाउँदै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन्।

प्रदेश नं २ को प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहको नामबाट सप्तरीमा स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने गर्नुभएको प्रतिबद्धताअनुरुप गत आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश भई रु ४० करोड बजेटसमेत विनियोजन भएको ज्ञापनपत्रमा उल्लेख छ। चालू आर्थिक वर्ष २०७६/७७ सो मा स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि रु ४० करोड विनियोजन हुनुको साथै स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय, पूर्वाधार तयारी विकास समितिको गठनसँगै पदाधिकारी चयन भइसकेको तथा प्रतिष्ठानका लागि चाहिने ६१ बिघा जग्गासमेत व्यवस्था भइसकेको अवस्थामा सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा प्रतिष्ठानलाई समावेश नगरेको भन्दै निराशा बढेको पूर्वमन्त्री यादवले बताए।

यस वर्ष नीति तथा कार्यक्रममा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई समावेश नगरेपछि जनतामा निराशा, आशङ्का उत्पन्न भएकाले आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमार्फत स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणका लागि विनियोजन गरी निर्माणकार्यलाई निरन्तरता दिन मागसमेत गरेका छन्। स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणका लागि राजविराज नगरपालिकाले वडा नं १० स्थित बिरौलमा ६१ बिघा जग्गा दिने निर्णय गरेर प्रतिष्ठानको नाममा दर्ता गराउन मन्त्रिपरिषद्बाट निर्णय गराउन भूमि व्यवस्था मन्त्रालयमा पठाए पनि थन्क्याइएको पूर्वमन्त्री यादवले बताए।

# बैशाखमा ४५ अर्ब ८५ करोडको वैदेशिक व्यापार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ जेठ




लकडाउनको दोस्रो महिना वैशाखमा ४५ अर्ब ८५ करोड रुपैयाँको वैदेशिक व्यापार भएको छ। चालु आर्थिक वर्षको वैशाखमा ४२ अर्ब ६० करोडको मालवस्तु आयात भएको छ भने ३ अर्ब २५ करोडको मालवस्तु निर्यात भएको भन्सार विभागको तथ्यांक छ।

चालु आर्थिक वर्षको पहिलो १० महिनामा ११ खर्ब ७ अर्ब रुपैयाँको वैदेशिक व्यापार भएको छ। यस आवको १० महिनामा १० खर्ब २५ अर्ब १३ करोड रुपयाँको वस्तु तथा मालवस्तु आयात भएको छ भने नेपालबाट ८२ अर्ब ६करोड रुपैयाँको वस्तु निर्यात भएको छ।हाल भएको वैदेशिक व्यापार गएको आवको भन्दा ११.८९ प्रतिशतले कम हो। गएको आवको सोही अवधिमा १२ खर्ब ५६ अर्ब ६७ करोड रुपैयाँको वैदेशिक व्यापार भएको थियो। गत आवको यो अवधिमा १२.९९ प्रतिशतले घटेर १० खर्ब २५ अर्ब १३ करोडमा सीमित भएको छ भने समीक्षा अवधिमा ४.५० प्रतिशतले निर्यात भने बढेर ८२ अर्ब ६ करोड पुगेको छ। गएको आवको सोही अवधिमा ७८ अर्ब ५३ करोड रुपैयाँको मालवस्तु निर्यात भएको थियो।

चालु आवको यस अवधिमा भएको कुल व्यापारमा ९२.५९ प्रतिशत आयातको हिस्सा रहेको छ भने ७.४१ प्रतिशत निर्यातको हिस्सा रहेको छ। गएको आवको वैदेशिक व्यापारमा ९३.७५ प्रतिशत आयातको र ६.२५ प्रतिशत निर्यातको हिस्सा रहेको थियो।

## सिटी एक्सप्रेसको कर्मचारीको कोरोना बीमा

**काठमाडौं/मस**-सिटी एक्सप्रेस मनी ट्रान्सफरले हाल कार्यरत सम्पुर्ण कर्मचारीहरुको कोरोना बीमा गरेको छ। यस्तो विषम परिस्थितिमा विप्रेषण सेवा अत्यन्त जरुरी भएको र निरन्तर रुपमा सेवा प्रदान गर्नु परेको हुनाले सबै कर्मचारीहरुले निरन्तर रुपमा सम्बन्धी सुरक्षण विधी अपनाएर दैनिक कार्यमा खटिरहेका छन्। त्यसैलाई ध्यानमा राखेर सिटी एक्सप्रेस मनी ट्रान्सफरले आफ्ना कर्मचारीको कोरोना बिमा गराएको हो।लकडाउनको समयमा प्रायः सबै कम्पनीका कर्मचारीहरुले घरमै बसेर आफ्नो कामहरु गरिरहेका छन्। तर, विप्रेषण सेवा अत्यावश्यक सेवा अन्तर्गत पर्ने हुदाँ नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक कर्मचारीहरु मार्फत कार्यालयबाट विप्रेषण सेवा प्रदान गरिरहेको छ।

यस्तो विषम परिस्थितिको सामना गर्दै निरन्तर सेवामा खटिरहेका कर्मचारीहरुको उच्च मूल्यांकन गर्दै सेवामा थप उत्साह र उच्च मनोबलका साथ काम गर्न हौसला प्रदान गर्नका लागि यस्तो बीमा गरिएको कम्पनीले जनाएको छ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**